जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २९९ २०७९ साल असार २८ गते मंगलबार (12 July 2022 Tuesday) मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : लगातार किन बढ्यो आयात ?... ३ पृष्ठमा : संघीय संसद्मा ६३ विधेयक विचाराधीन, ... ३ पृष्ठमाश्रीलंकाका राष्ट्रपति...

## अत्याधिक गर्मी बढेको भन्दै राजविराजका सबै सामुदायिक विद्यालयमा एक महिना विदा



**दैनिक समाचारदाता**
**राजविराज, २७ असार ।**

अत्याधिक गर्मी बढेको भन्दै राजविराज नगरपालिकाले नगर क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरुमा एक महिने विदा दिने निर्णय गरेको छ ।

विद्यालय जाँदा बाटो र कक्षा कोठामै विद्यार्थीहरु बेहोस पर्ने क्रम बढेपछि राजविराज नगरपालिकाले नगरक्षेत्र भित्र रहेका सबै सामुदायीक विद्यालयमा एक महिनाको लागी विदा दिने निर्णय गरेको हो ।

राजविराज नगरक्षेत्रमा ५ मावि, १२ निमावी र २६ प्रावि गरी कुल ४३ सामुदायिक विद्यालय रहेका छन् ।

राजविराज नगरपालिकाको शिक्षा शाखाले सोमवार एक सुचना जारी गर्दै शैक्षिक सत्र २०७९ को शैक्षिक क्यालेण्डरमा उल्लेख भएको वर्षे विदामा फेरबदल गरी असार २८ गते मंगलवारदेखी २०७९ साउन २८ गते सम्म विद्यालयको पठनपाठन बन्द गर्ने निर्णय गरिएको शिक्षा शाखा प्रमुख भगवती विश्वकर्माले जानकारी दिएका छन् ।

गर्मीका कारण विद्यार्थीहरु बेहोस पर्ने तथा स्वास्थमा अन्य समस्या समेत देखिन थालेपछि सरोकारवालासँग छलफल गरी यस्तो निर्णय गरिएको उनको भनाई छ । थप गरिएको पाच दिनको विदा वर्षे विदामा मिलान गरिने उनले जानकारी दिए ।

एक साता यता बढेको अत्याधिक गर्मीका कारण सप्तरीको जनजीवन निकै कष्टपुर्ण बनेको छ । अतिआवश्यक काम बाहेकको समयमा मानिसहरु घर बाहिर निस्किन छाडेका छन् ।

## मलखादको तुरुन्त व्यवस्था गर्नसहित १४ बुँदे माग राख्दै लोसपाले प्रधानमन्त्रीलाई बुझायो ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, २७ असार ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) सप्तरीले तुरुन्त मलखादको व्यवस्थासहित १४ बुँदे माग राख्दै सोमवार प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।

पार्टीका जिल्ला अध्यक्ष सुनिल कुमार झाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेर सो माँगसहितको ज्ञापन पत्र बुझाइएको हो ।

प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम मार्फत प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापन पत्रमा रोपाइको समय शूरु भइसक्दा पनि किसानले आवश्यक्ता अनुसारको मलखाद नपाउदा समस्यामा परेको भन्दै अविलम्ब यसको व्यवस्था मिलाउन माग गरिएको छ ।

सरकारको विकासीय बजेटको असार मसान्तको समयसीमा खारेज गरी चैत्र मसान्तलाई कायम गर्नु पर्ने, मधेशी, आदिवासी, जनजाती, थरुहट आन्दोलनको सम्बन्धमा गठित तत्कालीन न्यायाधिश गिरीशचन्द्र लाल नेतृत्वको आयोगको प्रवितवेदन सार्वजनिक गर्नु पर्ने, आन्दोलनका क्रममा झुठा मुदा लगाई थुनामा राखीएका साँसद रेशमलाल चौधरी सहित अन्य राजवन्दीहरुको मुद्दा खारेज गर्नू पर्ने माँग रहेको छ ।

त्यस्तै ज्ञापनपत्रमा गत जेठ २३ गते सरकारद्वारा जारी भएको भु-उपयोग नियमावली अत्यन्त अब्यवाहरिक र साना किसानको हित विपरित रहेको उल्लेख गर्दै अविलम्ब यसको खारेजीको माग गरीएको छ । यस्तै ज्ञापन पत्र मार्फत महगी कालोबाजारीको नियन्त्रण, कृषि कार्यमा प्रयोग हुने

*बाँकी अन्तिम पृष्ठमा*

## मधेस प्रदेशमा ५० प्रतिशत मात्र खर्च

धनुषा, २७ असार (रासस) ।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७८/७९ मा ५०.९१ प्रतिशत बजेट खर्च गर्न सकेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरधामका प्रमुख राधेश्याम गिरीका अनुसार चालु आवमा मधेश प्रदेश सरकारले रु ३४ अर्ब ८८ करोड ९८ लाख १० हजारमध्ये रु १७ अर्ब ७६ करोड ३६ लाख ७५ हजार मात्र खर्च गर्न सकेको छ । आर्थिक कार्यविधि नियमावली अनुसार शनिबार राति १२ बजेदेखि चालु आवको भुक्तानी निकासा बन्द गरिएका कारण केही मन्त्रालयको योजना सम्पन्न भए पनि करोडौं रुपैयाँ भुक्तानी गर्न बाँकी छ ।

प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय र कार्यालयबाट विनियोजित बजेटमध्ये चालुतर्फ रु ९ अर्ब ३२ करोड ५६ लख ८२ हजार तथा पुँजीगततर्फ रु ८ अर्ब ४३ करोड ७९ लाख ९३ हजार खर्च भएको गिरीले जानकारी दिनुभयो । उहाँले चालु आवमा मन्त्रालयतर्फ सबैभन्दा बढी सामाजिक विकास मन्त्रालयले ६५.१६ प्रतिशत र सबभन्दा कम महिला, बालबालिका युवा तथा खेलकुद मन्त्रालयले १५.७० प्रतिशत मात्र खर्च गरेको बताउनुभयो ।

सरकारी निकायतर्फ प्रदेशसभाले ६८.५६ प्रतिशत, प्रदेश लोक सेवा आयोगले ४४.३६, मुख्यन्यायाधिवक्ता कार्यालयले ८८.१४ र प्रदेश नीति तथा योजना आयोगले २१.३० प्रतिशत बजेट खर्च गरेको छ । मन्त्रालयतर्फ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ३१.११, अर्थ मन्त्रालयले २६.८६, उद्योग, पर्यटन तथा वन मन्त्रालयले ४५.२६, कानुन न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयले २१.९६, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले

*बाँकी अन्तिम पृष्ठमा*

जन ज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# बसपार्क संचालनमा पहल होस्

विगत लामो समयको प्रतिक्षापछि पनि राजविराज बसपार्क संचालनमा निकै ढिलाई भइरहेको छ। जसकारण नगरमा अव्यवस्थित बस पार्किङले सर्वसाधारणहरुलाई निकै समस्या खेप्नुपरिरहेको छ। नगरपालिका भित्रै अव्यवस्थित पार्किङका कारणले सर्वसाधारणहरुलाई आवत जावतमा निकै कठिनाई भइरहेको छ। अव्यवस्थित पार्किङले गर्दा नगरमा सवारी दुर्घटना समेत बढेको छ। विगत लामो समयदेखि निर्माणधीन अवस्थामा रहेको राजविराज बसपार्क अझै संचालन हुन सकिरहेको छैन्। राजविराज नगरपालिकाले करोडौं रकम खर्चेर पनि बसपार्कलाई व्यवस्थित र संचालनमा ल्याउन नसकेकोले नगरका विभिन्न स्थानमा अव्यवस्थित बस पार्किङप्रति स्थानीय प्रशासन तथा ट्राफिक प्रहरीको समेत ध्यान जान सकेका छैन।

पटक पटकको पृथक प्रयासपछि पनि राजविराज बसपार्कको निर्माण कार्य अझै पूर्ण हुन सकेको छैन्। भारतको जयपुर नक्सामा आधारित नेपालको पुरानो राजविराज नगरपालिका पछिल्लो केही वर्षदेखि थौरै भएपनि सुधारोन्मुख तर्फ बढीरहेको छ। तसर्थ बर्षौदेखि बस लाग्ने प्रतिक्षामा रहेको राजविराज बसपार्कलाई व्यवस्थित र अविलम्व संचलनमा ल्याउनका लागि समयमै नगरपालिका तथा सम्बन्धित निकायको ध्यान जानुपर्ने जरुरी देखिन्छ।

# लगातार किन बढ्यो आयात ? यसो भन्छ केन्द्रीय बैंक

**रमेश लम्साल**

काठमाडौँ, २७ असार (रासस)।

निर्यातको तुलनामा आयातको मात्रामा उल्लेख्य वृद्धि हुँदा मुलुकको व्यापार घाटा चुलिएको छ। नेपाल राष्ट्र बैंकले सोमबार प्रतिनिधिसभाको अर्थ समितिमा पेश गरेको विवरणअनुसार चालु आवको ११ महिनामा कूल व्यापार घाटा रु १५ खर्ब ७७ अर्ब ३९ करोड बराबर पुगेको छ। यस अवधिमा कूल वस्तु आयात २७.५ प्रतिशतले वृद्धि भएको छ। यस आधारमा कूल वस्तु आयात रु १७ खर्ब ६३ अर्ब २२ करोड बराबर भएको छ।

पछिल्ला केही महिनायता निर्यातमा उत्साहजनक वृद्धि भए पनि आयातको तुलनामा नगण्य नै रहेको छ। निर्यातको आधार सानो भएको तथा आयातको वृद्धि उच्च रहेका कारण व्यापार घाटा वृद्धि हुँदै गएको छ। आव २०७८/७९ को एघार महिनामा कूल वस्तु निर्यात ५३.३ प्रतिशतले वृद्धि भई रु एक खर्ब ८५ अर्ब ८४ करोड बराबर पुगेको छ।

**पेट्रोलियम पदार्थको आयात ८१ प्रतिशतले बढ्यो**

केन्द्रीय बैंकका अनुसार चालु आवको १० महिनामा पेट्रोलियम पदार्थको आयात ८१.१ प्रतिशतले वृद्धि भएको छ। कोरोना कालपछि हरेक क्षेत्रमा सक्रियता बढेपछि पेट्रोलियम पदार्थको आयातमा उल्लेख्य मात्रामा वृद्धि भएको हो। नेपालले आयात गर्ने प्रमुख वस्तुमा पेट्रोलियम पदार्थ, यातायात उपमकरण, मेसनिरी तथा पार्टस र औषधि छन्। कूल वस्तु आयातमा त्यस्ता वस्तुको हिस्सा करिब एक तिहाई बराबर छ।

यस्तै, यातायातको उपकरण तथा पार्टुको आयात करिब दुई प्रतिशत, अन्य मेसिनरी तथा पार्टस्को आयात २२ प्रतिशत र औषधिको आयात १२४ प्रतिशतले वृद्धि भएको छ।

**आठ खर्ब ११ अर्ब विप्रेषण**

केन्द्रीय बैंकका अनुसार चालु आवको दश महिनामा रु आठ खर्ब ११ अर्ब ७९ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ। चालु आवको सुरुवातदेखि नै विप्रेषण आप्रवाहमा अपेक्षाकृत रुपमा वृद्धि हुन सकेको थिएन। पहिलो नौ महिनासम्म विप्रेषण आप्रवाह घट्दै आएकामा दशौँ महिनामा सामान्य वृद्धि भएको थियो।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले बढेको छ। अमेरिकी डलरमा भने विप्रेषण आप्रवाहमा १.६ प्रतिशतले कमी आएको हो। केन्द्रीय बैंकका अनुसार गत फागुनमा रु ९१ अर्ब, चैतमा रु ९४ अर्ब र वैशाखमा रु ८७ अर्ब बराबरको विप्रेषण आप्रवाह भएको छ। वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको सङ्ख्यामा उतसाहजनक वृद्धि हुँदै गएको छ।

चालु आवको १० महिनामा अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्यामा उल्लेख्य रुपमा वृद्धि भई दुई लाख ७८ हजार २९८ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ६८.४ प्रतिशतले घटेको थियो।

**भित्रनेभन्दा बाहिरिने पैसा बढी**

केन्द्रीय बैंकका अनुसार देशभित्र भित्रने पैसा भन्दा बाहिरिने मुद्राको मात्रा बढिरहेको छ। आयातमा वृद्धि हुँदै गएको, विप्रेषणमा आप्रवाहमा सुधार हुन नसकेका कारण चालु खाता घाटा तथा शोधानान्तरमा चाप परेको छ। चालु आवको १० महिनामा चालु खाता रु पाँच खर्ब ४७ अर्ब ३६ करोडले घाटामा रहेको छ।

अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु दुई खर्ब ५१ अर्ब २९ करोडले घाटामा थियो। यस्तै, शोधनान्तर स्थिति रु दुई खर्ब ८८ अर्ब ५० करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु सात अर्ब ७५ करोडले बचतमा थियो। चालु आवको सुरुवातदेखि नै चालु खाता घाटा विगत पाँच वर्ष भन्दा उच्च गतिमा विस्तार हुँदै आएको थियो। अघिल्लो आवमा चालु खाता घाटाको कूल उत्पादनसँगको अनुपात ७.८ प्रतिशत छ। चालु आवको १० महिनामा चालु खाता घाटा जीडीपीको अनुपात ११.३ प्रतिशत पुगेको छ।

यस्तो अनुपात सन् २०२२ मा बङ्गलादेशमा ३.२ प्रतिशत्, भुटानमा १०.६ प्रतिशत, भारतमा २.९ प्रतिशत, पाकिस्तानमा ५.३ प्रतिशत र श्रीलङ्कामा ७.१ प्रतिशत रहने अनुमान अन्तर्राष्ट्रिय मुद्रा कोषले जनाएको केन्द्रीय बैंकले उल्लेख गरेको छ।

मुलुकको बाह्य क्षेत्रमा परेको चापले विदेशी विनिमय सञ्चिति व्यवस्थापनमा चुनौती थपेको छ। चालु आवको १० महिनामाम विदेशी विनिमय सञ्चितिमा करिब २.४७ अर्ब अमेरिकी डलरले कमी आई ९.२८ अर्ब डलर कायम भएको छ। यस्तो सञ्चिति ६.६ महिनाको वस्तु तथा सवा आयातका लागि प्रर्याप्त हुने देखिन्छ।आयात गर्ने क्षमताका आधारमा उक्त सञ्चिति विगत ६ वर्षयताकै न्यून छ।

केन्द्रीय बैंकले दिएको जानकारीअनुसार सन् २०२१ मा बङ्गलादेशमा ६.२९ प्रतिशत, भारतमा ९.८३, चीनमा ११.६६, मालदिभ्समा २.४२ र पाकिस्तानमा ३.३६ महिनाको आयातका लागि प्रर्याप्त हुने विदेशी विनिमय सञ्चिति रहेको थियो। पछिल्लो समयमा नेपाली मुद्राको अमेरिकी डलरसँग भइरहेको अवमूल्यनले मुद्रास्फिति नियन्त्रणमा चुनौती थप्ने जोखिम छ।

केन्द्रीय बैंकका अनुसार २०७८ असार मसान्तको तुलनामा २०७९ असार २० गतेसम्म अमेरिकी डलरसँग नेपाली रुपैयाँ ६.९ प्रतिशतले अवमूल्यन भएको छ।

# रेल्वे विधेयकमा सांसदले खोजे नेपाली भाषा

काठमाडौँ, २७ असार (रासस)।

गायक एवं सर्जक सुरज पण्डितले गत वर्ष 'रेलको बाटो' नामक गीत सार्वजनिक गर्नुभयो। देशभित्र रेल चल्ने समाचार सुनेका दुगर्म क्षेत्रका नागरिकले भने सहज रुपमा यातायातको सुविधा कहिले पाउने होलान् भन्ने उहाँको गीतको आशय थियो। हुम्लामा कहिले मोटर पुग्ला भन्ने रहरमा बसेका नागरिकले रेलको कुरा सुन्दा आफैँलाई व्यङ्य गरेको जस्तो ठान्छन्। हुम्ला यातायातको सञ्जालमा जोडिन अझै केही समय लाग्ने भए पनि देशभित्र रेल भने चल्न सुरु भइसकेको छ।

नेपालीका लागि रेल एउटा सपना पनि हो। राणाकालमा नै नेपालमा रेल चलेको थियो। त्यसले निरन्तरता पाएन। जनकपुर जयनगरमा लामो समय पहिल्यै रेल चलेको थियो। बीचमा बन्द भयो। नयाँ प्रविधिसहित पुनः रेल सेवा सुविधा सुरु भएको छ।

भारतबाट खरिद गरेर ल्याइएका दुई रेल नियमित रुपमा सञ्चालनमा छन्। गत चैत १९ गतेदेखि रेल सेवा पुनःसञ्चालनमा आएको हो। भारत भ्रमणमा रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवा र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीले हैदरावाद हाउसबाट श्रव्यदृश्यका माध्यमबाट रेल सेवाको उद्घाटन गरियो। कूल ३४ किलोमिटर लामो सो रेल सेवाले नेपाललाई रेलयात्राको युगमा लगेको छ। त्यसलाई नियमित रुपमा सञ्चालन तथा नियमनका लागि कानुनको अभाव थियो। सरकारले पटकपटक अध्यादेशका माध्यमबाट रेल्वे विधेयक ल्यायो।

दुईदुई पटक प्रतिनिधिसभाको विघटन हुँदा पटकपटक ल्याइएको अध्यादेशले मात्रै काम गर्ने अवस्था रहेन। एकातिर कहिलेदेखि रेल चल्छ भन्ने नागरिकको दबाब थियो। अर्कोतर्फ भारतबाट ल्याइएको रेलको अवधि सकिने हो कि भन्ने चासो पनि उस्तै थियो। पछिल्ला दिनमा नेपालमा रेल निर्माणका बारेमा राम्रै बहस भएको छ। काठमाडौँ-रसुवागढी-केरुङ रेलमार्गको बारेमा उत्तिकै चर्चा भइरहेको छ। रक्सोल-काठमाडौँ रेलमार्गको विषयले पनि प्राथमिकता पाएको छ।

सरकारले नियमित रुपमा रेल सञ्चालनका लागि नेपाल रेल्वे कम्पनी स्थापना गरेको छ। कानुनको अभावमा कर्मचारीको नियुक्ति र सञ्चालनका लागि वातावरण बन्न सकेको थिएन। सरकारले सोही आवश्यकतालाई ध्यान दिएर अध्यादेशमार्फत जारी हुँदै आएको 'नेपाल रेल्बे विधेयक, २०७९' लाई द्रुत प्रक्रियाबाट पारित गर्न लागेको हो।

सोही क्रममा प्रतिनिधिसभाको सोमबारको बैठकमा नेपाल रेल्बे विधेयकमाथि छलफल गराइयो। नेपालको भौतिक पूर्वाधारको विकासका रेलको महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा कोही कसैको दुई मत रहन सक्दैन। प्रतिनिधिसभाको सोमबारको बैठकमा हतारमा रेल्बे विधेयक पारित गर्न खोजिएको भन्दै केही सांसदले आपत्ति जनाए।

केही सांसदले विधेयकमा प्रयुक्त भएको भाषामा नै आपत्ति जनाए। नेपालको संविधानले सरकारी कामकाजको भाषा देव नागरिक लिपीमा हुने व्यवस्था गरेको भए पनि विधेयकमा अत्याधिक रुपमा अङ्ग्रेजी र आगन्तुक भाषाको प्रयोग गरिएको भन्दै सरकारको गम्भीर ध्यानकर्षण गराए।

संसारभर नै रेल तथा रेल्वेमा ठूलो प्रगति भएको छ। सहज यातायात सञ्जालको रुपमा मानिएको रेल सेवालाई नेपालमा पनि भरपर्दो माध्यमका रुपमा विकास गर्न खोजिएको छ। पूर्व पश्चिम विद्युतीय रेलमार्ग निर्माण गर्ने लक्ष्यका साथ विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार भइसकेको छ।

छलफलमा भाग लिँदै सांसद कृष्णभक्त पोखरेलले विधेयकले नेपालमा रेलमार्ग निर्माण एवम् सञ्चालनको आधार तयार भएको बताउनुभयो। उहाँले भारत, यूरोपलगायतका देशमा विद्युतीय रेल सञ्चालनमा ठूलो प्रगति भएको तथ्य पेश गर्दै सरकारले ल्याएको विधेयकले कानून निर्माणमा पनि कोशेढुङ्गा सावित हुने बताउनुभयो।

सांसद दिव्यमणि राजभण्डारीले पूर्वाधारको विकासमा रेल्वे महत्वपूर्ण रहेको भन्दै नेपालमा रेल राणाकालमा नै सञ्चालनमा रहेको तथ्य पेश गर्नुभयो। उहाँले कम्पनी मोडलमा नै नेपालमा रेल सञ्चालन गर्नुपर्नेमा जोड दिँदै त्यसको

बाँकी तीन पृष्ठमा

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# संघीय संसद्मा ६३ विधेयक विचाराधीन, चौध नयाँ दर्ता

काठमाडौं, २७ असार (रासस)। सङ्घीय संसद्को चालु अधिवेशनसम्म आम चासोका रूपमा रहेका दुवै सदनमा गरी कूल ६३ विधेयक विचाराधीन अवस्थामा रहेका छन्। तीमध्ये सङ्घीय संसद्को तेस्रो अधिवेशनदेखिकै विधेयकहरू पनि अड्किएर रहेका छन्। प्रतिनिधिसभामा ४७ र राष्ट्रियसभामा १६ विधेयक विचाराधीन रहेका छन्। यस अधिवेशनमा दुवै सदनबाट विनियोजन विधेयक, २०७९ सहित बजेटसँग सम्बन्धित र अन्य गरी छ वटा विधेयक पारित र तीमध्ये राष्ट्रपति विद्यादेवी भण्डारीबाट दुई विधेयक प्रमाणीकरण भएको छ भने लोकसेवा आयोग विधेयक, २०७५ प्रमाणीकरणको प्रक्रियामा रहेको छ।

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभा ११औँ र राष्ट्रियसभाको १२औँ अधिवेशन गत जेठ ३ गतेदेखि चलिरहेको छ। दुई पटकसम्म संसद् विघटन, सर्वोच्च अदालतको फैसलाबाट पुनःस्थापना र पुनःस्थापनापछि पनि सत्तापक्ष र प्रतिपक्षको बेमेल र पटकपटक सदनमा अवरोध र बहिष्कारको स्थितिका कारण नेपालको संविधानबमोजिम बन्नुपर्ने सङ्घीय ऐन तर्जुमामा ढिलाइ भएको हो। विभिन्न मन्त्रालय र विषयसँग सम्बन्धित नयाँ सङ्घीय ऐन नबन्दा संविधानका अनुसूची र अधिकार प्रत्यायोजनाको व्याख्या र अधिकारको कार्यान्वयनमा अन्योल उत्पन्न भएको छ। कानुनी अन्योलले सङ्घ, प्रदेश र स्थानीय सरकारबीच उचित समन्वय हुन सकेको छैन।

आम चासोका रूपमा रहेका सङ्घीय निजामती विधेयक, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय) पहिलो संशोधन विधेयक, २०७९, सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९, सूचना प्रविधिसम्बन्धी विधेयक, २०७५, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ लगायत छन्।

राष्ट्रियतासँग जोडिएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७५ तीन वर्षसम्म संसद्को राज्य व्यवस्था सुशासन समितिमा दफावार छलफल पश्चात सदनमा पेश भएकामा गत शुक्रबारको प्रतिनिधिसभा बैठकबाट सरकारले फिर्ता लिएको छ। सरकारले सोसम्बन्धी नयाँ विधेयक राष्ट्रियसभामा दर्ता गरेको छ। प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) ले सो विधेयक छिटो पारित गर्नुपर्नेमा फिर्ता लिइएकामा विरोध गर्दै उमेर पुगेर पनि संविधानतः नागरिकता लिन पाउने अधिकारबाट लाखौं युवालाई निराश नबनाउन सरकारसँग आग्रह गरेको छ।

शुक्रबारको प्रतिनिधिसभाको बैठकमा गृहमन्त्री बालकृष्ण खाणले विपक्षीको चिन्ताप्रति जवाफ दिँदै सर्वदलीय परामर्श र सहमति चाँडै नयाँ विधेयक पारित गराइने प्रतिबद्धता व्यक्त गर्नुभयो। विचाराधीन रहेकामध्ये अधिकांश विधेयक अघिल्लो सरकारले संसद्मा पेश गरेका विधेयक छन्। अघिल्लो सरकारले जारी गरेका आठ अध्यादेशलाई पनि प्रतिस्थापन विधेयकका रूपमा कानुन बनाउन बाँकी रहेको छ। ती अध्यादेश आउँदो २ गतेभित्र प्रमाणीकरण हुन नसके शून्यमा जाने सङ्घीय संसद् सचिवालयका उपसचिव नुमराज खनालले बताउनुभयो।

तिनमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९, रेल्वे विधेयक, २०७९, औषधि (तेस्रो संशोधन) विधेयक, २०७९, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरीवेक्षण र समन्वय) पहिलो संशोधन विधेयक, २०७९, सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ र तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९ छन्। राष्ट्रियसभामा विचाराधीन विधेयकमा कोभिड १९ सङ्कट व्यवस्थापन विधेयक २०७८ र शपथसम्बन्धी विधेयक, २०७८ र योगमाया आयुर्वेदिक विश्वविद्यालय विधेयक, २०७६ र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ रहेका छन्।

राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा सन्देशसहित पठाइएका १४ विधेयक विचाराधीन छन्। प्रतिनिधिसभाको शुक्रबारको बैठकले योगमाया आयुर्वेदिक विश्वविद्यालय विधेयक, २०७६ पारित गरी राष्ट्रियसभामा पठाएको छ। माथिल्लो सभामा फिर्ता हुन बाँकी चौधतीमध्ये ज्येष्ठ नागरिकसम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५, नेपाल मिडिया काउन्सिल विधेयक, २०७५, काठमाडौं उपत्यका यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६, नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६, नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६, नेपाल हवाइ सेवा प्राधिकरण विधेयक, २०७६, तथ्याङ्क विधेयक, २०७६, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९, रेल्वे विधेयक, २०७९, औषधि (तेस्रो सशोधन) विधेयक, २०७९ लगायत रहेका छन्।

प्रतिनिधिसभामा गैरसरकारी विधेयकका रूपमा एमालेका सांसद शेरबहादुर तामाङबाट पेश गरिएको गाँजा खेती (व्यवस्थापन) विधेयक, २०७६ र जनता समाजवादी पार्टीका सांसद लक्ष्मणलाल कर्णबाट पेश गरिएको नेपालको संविधान (दोस्रो संशोधन), २०७७ दर्ता भएर प्रक्रियाको प्रतिक्षामा रहेका छन्।

**चौध नयाँ विधेयक दर्ता**

सरकारले दुवै सदनमा गरी १४ वटा नयाँ विधेयक दर्ता गरेको छ। त्यसमध्ये प्रतिनिधिसभामा १० र राष्ट्रियसभामा चार विधेयक छन्। नयाँ विधेयकमा अधिकांश अध्यादेशलाई प्रतिस्थापन गर्नेसम्बन्धी विधेयक छन्। नयाँ दर्ता भएकामध्ये गैरसरकारी विधेयक बेवारिसे स्थितिमा रहेको छ। विधेयक छिटो पारितका लागि सभामुख सापकोटाको पहल प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले महत्वपूर्ण विधेयक शीघ्र पारित गरेर सङ्घीयता कार्यान्वयनका लागि पहल गर्न आफूले सबै संसदीय समितिलाई आग्रह गरेको र केही विधेयक अगाडि बढाउन सम्बद्ध पक्षलाई ध्यानाकर्षण गराउँदै आउनुभएको छ।

यही असार १२ गते संसदीय मामिला पत्रकार समाजले प्रकाशन गरेको 'संसदीय समिति अभ्यास- पहिलो संसद्देखि सङ्घीय संसद्सम्म' पुस्तक सार्वजनिक कार्यक्रममा सभामुख सापकोटाले लामो समयदेखि अड्किएको नेपाल नागरिकता विधेयकले निकास नपाउँदा हजारौँ युवाले नागरिकता पाउन नसकेकामा चिन्ता व्यक्त गर्दै त्यसलाई अगाडि बढाउन आफूले प्रधानमन्त्री शेरबहादुर देउवा र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द शर्मा कोइरालालाई आग्रह गरेको जनाउनुभएको थियो।

*रेल्वे विधेयकमा ...*

सञ्चालक समितिमा मन्त्री तथा सचिवको सहभागिता हुन नहुने धारणा राख्नुभयो। उहाँले स्वायत्त निकायको रुपमा काम गर्न पाउने गरी सञ्चालक समिति बनाउनुपर्ने र त्यसमा मन्त्री र सचिवको हस्तक्षेप हुन नहुने धारणा राख्नुभयो।

सांसद प्रेम सुवालले कम्पनी ढाँचामा रेल चलाउने कुराप्रति आपत्ति प्रकट गर्दै मन्त्रालयको एउटा महाशाखाले नै त्यसलाई नियमन, सञ्चालन र नियन्त्रण गर्न सक्ने बताउनुभयो। सरकारले गर्न नसक्ने काम निजी क्षेत्रका दुई चार जनाले गर्न सक्छ र उहाँले प्रश्न गर्नुभयो। सांसद सुवालले रेलमा नेपालीलाई भाडा सस्तो हुनुपर्ने र गलत काम गर्नेलाई देशद्रोहको मुद्दा चलाउने कानुनी प्रबन्ध हुनुपर्ने बताउनुभयो।

सांसद भीमबहादुर रावलले विधेयकमा सन्दर्भमा समितिमा छलफल हुनुपर्ने धारणा राख्दै हतारमा काम गर्ने तरिकाबाट नेपाली पीडित भएकाले यस विधेयमा त्यसो गर्न नहुने बताउनुभयो। सांसद रावलले विधेयकमा अत्याधिक मात्रामा अङ्ग्रेजी शब्द राखिएको भन्दै तत्काल सच्याउन माग गर्नुभयो।

उहाँले विश्वविद्यालय वा शिक्षण संस्थामा रेलसम्बन्धी विषयमा अध्ययन अध्यापनको व्यवस्था गर्नुपर्ने, पूर्वमेचीदेखि पश्चिम महाकाली, जोड्ने गरी रेल सञ्जालको निर्माण गर्नुपर्ने तथा राष्ट्रिय हित र चासोलाई विशेष गरी सम्बोधन गर्नुपर्ने उल्लेख गर्नुभयो।

सांसद शेरबहादुर तामाङले विधेयकमा प्रयुक्त भएका भाषा देवनागरिक लिपीमा नै हुनुपर्ने तथा आगन्तुक शब्द नै लेख्नुपर्ने भए पनि नेपालीकरण गर्नुपर्ने बताउनुभयो। मुगुबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने सांसद गोपाल बमले हुम्ला जूम्लामा पनि रेल गुडोस् भन्ने आफूहरुको अपेक्षा रहेको बताउनुभयो। उहाँले सडकयातायात समेत नपुगेको कर्णाली प्रदेशमा रेल चल्ने र आफूहरुको जीवन सहज हुने विश्वास व्यक्त गर्नुभयो।

सांसद गजेन्द्रबहादुर महतले वर्तमान सरकारले कर्णालीसम्म नै रेल पुग्ने वातावरण बनाइदिओस् भन्ने माग गर्नुभयो। अघिल्लो सरकारलाई रेलले उहाँकै शब्दमा छक्क्याएको भए पनि वर्तमान सरकारलाई त्यस्तो नपारोस् भन्ने कामना गर्नुभयो।

सांसदहरूले उठाउनुभएको सवालको जवाफ दिँदै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले समितिमा नै लगेर विधेयकमाथि छलफल गराउने सरकारको चाहना भए पनि अध्यादेशलाई प्रतिस्थापन गर्न लागिएकाले समयको चाप परेको जानकारी दिनुभयो। यातायात क्षेत्रमा सहजताका लागि रेल सञ्चालन गर्न लागेको जानकारी दिनुहुँदै उहाँले सरकार कुनै पनि निजीकरणको पक्षमा नरहेको धारणा राख्नुभयो। भाषागत रुपमा नमिलेका विषय केही मिलाउन सकिने उल्लेख गर्दै उहाँले सरकारको नियमनमा नै रेल सेवा सञ्चालन हुने स्पष्ट पार्नुभयो। गणपुरक संख्या नपुग्दा विधेयक पारित हुन भने सकेन। कुनै पनि प्रस्ताव वा विधेयक पारित हुनका लागि एक चौथाइ सांसदको उपस्थिति आवश्यक भए पनि सभामुखले सो विधेयक निणयार्थ पेश गर्दा मात्रै ६१ जना सांसद उपस्थित थिए। प्रतिनिधिसभाको अर्को बैठक यही असार २९ गते बुधबार ११ बजे बस्नेछ।


## डा. आदर्श कुमार सिंह

**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### श्रीलंकाका राष्ट्रपति राजापाक्षले राजीनामा दिने प्रधानमन्त्रीद्वारा पुष्टि

कोलम्बो, २७ असार (रासस/एएनआई)। श्रीलङ्काका राष्ट्रपति गोटाबाय राजापाक्षले पदबाट राजीनामा दिने तयारी गर्नु भएको छ। उहाँले राजीनामा दिने बारेमा प्रधानमन्त्री रनिल विक्रमासिङ्गेलाई जानकारी गराइसक्नु भएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

आन्दोलनकारीहरुको चर्को दबावपछि उहाँले राजीनामा दिने तयारी गर्नु भएको हो। उहाँको राजीनामाको माग गर्दै आन्दोलनकारीहरुले शनिबारदेखि अहिलेसम्म पनि राष्ट्रपति र प्रधानमन्त्रीको निवास कब्जा गरेका छन। उनीहरुले राष्ट्रपति र प्रधानमन्त्रीले राजीनामा नगर्दासम्म निवास कब्जा गरिरहने बताएका छन्।

राष्ट्रपति भवन प्रदर्शनकारीको कब्जामा पुगेपछि राष्ट्रपति गोटाबाया राजापाक्ष राष्ट्रपति भवन छोडेर भाग्नुभएको थियो। प्रदर्शनकारीको आक्रोशित भीडले त्यसपछि प्रधानमन्त्री रनिलविक्रमासिंघेको सरकारी निवासमा समेत पुगी आगजनी गरेको थियो।

सभामुख महिन्दा याप अबेवार्डेनले पनि पत्रकार सम्मेलन गरेर राष्ट्रपति राजापाक्षले यही असार २९ गते राजीनामा दिने जानकारी दिनुभयो। उहाँले यसअघि संसदमा पनि यस बारेमा जानकारी दिनुभएको थियो। श्रीलङ्काको संविधानअनुसार राष्ट्रपतिले सभामुखलाई पत्र पठाएपछि मात्र राजीनामा स्वीकृत हुन सक्छ। तर अहिलेसम्म उहाँले राजीनामा बुझाउनु भएको छैन। राष्ट्रपतिले औपचारिक रूपमा पदत्याग गरेको एक साताभित्र सभामुखले राजनीतिक दलहरूले संयुक्त सरकार आह्वान गर्ने व्यवस्था छ।

प्रदर्शनकारीले प्रधानमन्त्रीले समेत राजीनामा दिनु पर्ने माग गरेकाले प्रधानमन्त्री विक्रमासिङ्घे पनि राजीनामा दिन तयार हुनु भएको छ। राष्ट्रपति राजापाक्षले राजीनामा दिने प्रधानमन्त्री विक्रमासिङ्घेले बताएपनि राष्ट्रपतिले नै भने यस बारेमा अहिलेसम्म केही बताएको सार्वजनिक भएको छैन। उहाँले आफैले सार्वजनिक रुपमा नभन्दासम्म विश्वास गर्न नसकिने प्रदर्शनकारीको भनाई छ।

यसअघि आन्दोलनकारीहरुकै दबाबमा तत्कालिन प्रधानमन्त्री महिन्दा राजापाक्षले राजीनामा दिनु भएको थियो। मुलुकको आर्थिक सङ्कटको मुख्य कारण राजापाक्ष दाजु भाइ नै भएको भन्दै दुवै जनाको राजीनामा माग गरिएको छ। चरम आर्थिक सङ्कटमा फसेको श्रीलङ्कामा केही महिनादेखि सरकारविरुद्ध प्रदर्शन भइरहेको छ।

विदेशी मुद्रा सञ्चितिको अभावमा श्रीलङ्कामा महिनौँदेखि खाद्यान्न, इन्धन, औषधि लगायतका अत्यावश्यक वस्तुको आयात रोकिएकाले अभाव र मूल्य वृद्धि सृजना भएको छ।

प्रदर्शनकारीहरूले राष्ट्रपति भवनमा करोडौं रूपैयाँ नगद भेटिएको दाबी गरेका छन्। सामाजिक सञ्जालमा केही भिडियोहरू सार्वजनिक भएका छन्, जसमा प्रदर्शनकारीहरूले नोट गनिरहेको देख्न सकिन्छ। ठूलो सङ्ख्यामा प्रदर्शनकारी राष्ट्रपति भवनमा प्रवेश गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो।

### भारतमा एकैदिन १६ हजार ५०० भन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २७ असार (रासस/एएनआई)। आइतबार मध्यरातसम्म अर्थात २४ घण्टाको समयावधीमा भारतमा १६ हजार ६७८ कोरोना सङ्क्रमित थपिएका छन्। हाल भारतमा एक लाख ३० हजार ७१३ सक्रिय सङ्क्रमित रहेका छन्। यो कुल सङ्क्रमितको ०.३० प्रतिशत हो। करिब चार महिनापछि ११ दिनयता सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा बढी भएको छ।

हाल भारतमा कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या चार करोड ३६ लाखभन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जानकारी दिएको छ। पछिल्लो एक दिनमा १४ हजार ६२९ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड २९ लाख ८३ हजार भन्दा बढी पुगेको छ। कोरोना भाइरस निको हुने यो दर ९८.५० प्रतिशत रहेको छ।

चौबिस घण्टाको समयावधीमा कोरोना सङ्क्रमणमा २६ को मृत्यु भएको छ। कोरोना शुरु भएबाट हालसम्म यस महामाहरीको कारण पाँच लाख २५ हजार ४५० भन्दा बढीको मृत्यु भएको छ।

चौबिस घण्टाको सो अवधीमा दुई लाख ७८ हजार २६६ कोरोना परिक्षण भएको जनाइएको छ। यहाँ कोरोना सङ्क्रमण शुरु भएबाट हालसम्म ८६ करोड ६८ लाखभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको बताइएको छ। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म कोरोनाविरुद्ध एक अर्ब ९८ करोड ८८ लाख ७७ हजार ८६३ डोज खोप लगाइएको छ।

# किसानलाई चाडो मल उपलब्ध गराउन सांसदको माग

काठमाडौँ, २८ असार (रासस)।

प्रतिनिधिसभाको सोमबार बसेको बैठकमा शून्य समयमा बोल्ने सांसदहरुले असार सकिन लाग्दा पनि किसानले रासायनिक मल नपाएको भन्दै चाँडो उपलब्ध गराउन सरकारसमक्ष माग गरेका छन् ।

सांसद विमला विश्वकर्माले किसानले मल बीउ नपाएर सधैँ आन्दोलन गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । सांसद विष्णु शर्माले सरकारले मङ्सिर पुसमा ठेक्का गर्नुपर्नेमा असारमा गर्दा सधैँ किसानले मल नपाएको बताउनुभयो ।

सांसद सत्यनारायण शर्मा खनालले अहिले पुरानो बीउ सकिएको र नयाँ बीउ देशभर पुर्‍याउन नसकिएको तथा मनसुन सुरु भएपछि खेत रोप्न मल नभएको बताउनुभयो । सांसद हितबहादुर तामाङले कृषि उत्पादन बढाउने सरकारको घोषणा भए पनि खेतीको समयमा मल नपाउँदा नारा नारामै सीमित हुने अवस्था आएको आएको बताउनुभयो ।

सांसद सरलाकुमारी यादवले सरकारले आगामी आर्थिक वर्षमा कृषि क्षेत्रलाई प्राथमिकता दिने भने पनि किसानले महसुस गर्न नसकेको बताउनुभयो । सांसद शान्तिमाया तामाङ पाख्रिनले किसानले मल तथा विद्यार्थीले पुस्तक नपाएको बताउनुभयो ।

सांसद सञ्जयकुमार गौतमले बाँके र बर्दियामा कपास विकास समिति विघटन गरेर किसानलाई जग्गा उपलब्ध गराउनुपर्ने माग गर्नुभयो । सांसद लक्ष्मी परियारले वर्षाको समयमा उदयपुरका धेरै भूभागलाई कोसी कटानले क्षत्विक्षत बनाएकाले जोखिममा परेका नागरिकलाई अल्पकालीन र दीर्घकालीन व्यवस्थापनको कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो ।

सांसद लक्ष्मीकुमारी चौधरीले बलत्कारका घटनामा सत्यतथ्य बुझेर र पीडितले न्याय पाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद लालप्रसाद साँवा लिम्बूले राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्गका पुल २०६८ सालमा ठेक्का भएकामा अझै ५० प्रतिशत नसकिएकाले निर्माण कम्पनीलाई कारवाहीको माग गर्नुभयो । सांसद लीलादेवी सिटौला (गौतम)ले नेपालमा प्रत्यक्ष कार्यकारीको व्यवस्था गर्नुपर्ने, केन्द्रमा पाँच/छ मन्त्रालय राख्नुपर्ने र विकासको पुँजी विकेन्द्रीकृत गर्नुपर्ने बताउनुभयो ।

सांसद विद्या भट्टराईले प्राध्यापक र सहप्राध्यापकको अन्तवार्ता एक वर्षसम्म नहुँदा शिक्षामा सुधार नआउने उल्लेख गर्नुभयो । सांसद बीनाकुमारी श्रेष्ठले दक्षिणकाली क्षेत्रमा जथाभावी उत्खनन भएकाले पहिरोको जोखिम रहेकाले नियन्त्रणमा सरकारले ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । सांसद वृन्दा पाण्डेले काठमाडौँलगायतका सहरी क्षेत्रमा फोहर बढिरहेको र अशुद्ध पानीका कारण हैजा फैलिरहेको बताउनुभयो ।

सांसद विशाल भट्टराईले बूढीगङ्गामा पहिले विनाकारण निर्वाचन राकिएको र अहिले एमालेकै उम्मेदवार विजयी भएको बताउनुभयो । सांसद शक्तिबहादुर बस्नेतले शिक्षामा राज्यको लगानी कम भएको र भएको लगानी पनि सदुप्रयोग नभएको औँल्याउनुभयो । सांसद डा शिवमाया तुम्बाहाम्फेले राष्ट्रियसभामा सर्वोच्च विचाराधीन मुद्दामा छलफल भइरहेकाले त्यसो हुनु नहुने उल्लेख गर्नुभयो ।

सांसद शेरबहादुर तामाङले सिन्धुपाल्चोक सङ्कटग्रस्त घोषणा भए पनि सरकारले नागरिकलाई त्यसबाट मुक्त बनाउन नसकेको बताउनुभयो । सांसद सत्य पहाडीले डोल्पाको दुनै पहिराका कारण जोखिममा रहेको र त्यसको व्यवस्थापनका लागि बजेट पर्याप्त नभएको उल्लेख गर्नुभयो । सांसद सरिताकुमारी गिरी कानुनको कारवाही हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद सरवत आरा खानमले सरकारले इदमा बिदा दिएर मुस्लिम धर्मावलम्बीलाई देशप्रति अपनत्वको महसुस गराएको बताउनुभयो । सांसद सीताराम महतोले इटहरी उपमहानगरपालिकामा शिक्षा र स्वास्थ्यमा सुधारको आवश्यकता औँल्याउनुभयो । सांसद डा सूर्यप्रसाद पाठकले जापानका लोकप्रिय नेता गुमाउँदा शोकमा डुबेको बताउनुभयो । सांसद हिरा गुरुङले भारत र चीनमा कोभिड सङ्क्रमण बढिरहेकाले सरकारको तयारी अघि बढाउनुपर्ने बताउनुभयो ।

## मलखादको तुरुन्त ...

डिजल कृषकलाई सस्तो मुल्यमा उपलब्ध गराउन र २४ सै घण्टा विद्युत आपुर्तीको व्यवस्था गर्न माग गरिएको छ ।

यसैगरि विभिन्न उत्पीडित समुदाय, मधेशी, थारु, आदीवासी, जनजाती, शिल्पी (दलित) महिला मुश्लिम लगायतको सम्मान, पहिचान र अधिकार सुनिश्तताका लागी संविधानमा संशोधन गर्नु पर्ने लगायतका माग पनि ज्ञापन पत्रमा समावेश गरिएको छ ।

राष्ट्रिय सभाका सदस्य शेखर कुमार सिंह, जिल्ला समन्वय समिती सप्तरीका उपप्रमुख शम्भु कुमार यादव, राजविराज नगरपालिकाका पुर्व मेयर शैलेश चौधरी, पुर्व उपमेयर साधना झा, लोसपाका युवा नेता विनोद यादव, महिला नेतृ पुनम कुमारी यादव समेत सहभागी रहेको टोलीद्वारा दिइएको ज्ञापन पत्र बुझ्दै प्रजिअ गौतमले तत्कालै प्रधानमन्त्रीको कार्यालयमा पठाई दिने आश्वासन दिएका छन् ।

# नागरिकता समस्या समाधान गर्नेतर्फ सरकार अग्रसर : संचारमन्त्री कार्की

**दैनिक समाचारदाता**
**सुनसरी, २७ असार ।**

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पाँच/छ लाख युवा नागरिकता नपाएका कारणले समस्याको समाना गरिरहेको बताएका छन् ।

नेपाली कांग्रेस सुनसरी क्षेत्र नम्बर ४ ले सुनसरीको कोसी गाउँपालिका ३ मा सोमबार आयोजना गरेको इद मिलन कार्यक्रममा उनले वर्तमान सरकारले ती समस्या समाधानका लागि लागिपरेको समेत बताए ।

नागरिकता नभएका कारणले युवाले स्वास्थ्य, शिक्षा, लोकसेवा, विभिन्न सरकारी सेवाबाट वञ्चित भएको बताउदै उनले वर्तमान सरकारले यी सबै समस्या सहमतिको आधारमा छिट्टै समाधान गर्ने विश्वास दिलाए ।

नागरिकताका कारण उत्पन्न समस्या समाधान गर्नका लागि वर्तमान सरकारले नयाँ नागरिकता विधेयक संघीय संसदमा दर्ता गरेको मन्त्री कार्कीले जानकारी दिए । नागरिकतासम्बन्धी संसदमा दर्ता भएको नयाँ विधेयक चाडै नै पारित हुने उनले बताए ।

नागरिकतासम्बन्धी नयाँ विधेयक संसदम रहेका प्रमुख प्रतिपक्षी नेकपा (एमाले)सहित सबै राजनीतिक दलको सहमति गरेर पारित हुने उनले बताए ।

## मधेस प्रदेशमा ५० ...

४१.६१ र खानेपानी तथा ऊर्जा विकास मन्त्रालयले ४० प्रतिशत खर्च गरेको छ ।

त्यसैगरी आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले ४७.८१, वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयले ४६.६३, भौतिक पूर्वाधार विकास मन्त्रालयले ४६.२१, सामाजिक विकास मन्त्रालयले ६५.१६, र स्थानीय तहलाई शसर्त अनुदानतर्फ ९१ प्रतिशत बजेट सरकारले खर्च गरेको गिरीले जानकारी दिनुभयो । आर्थिक कार्यविधि नियमावलीमा आव समाप्त हुनुभन्दा कम्तीमा एक साताअघि भुक्तानी निकासा बन्द गरी खर्च विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।

महालेखा नियन्त्रक कार्यालयले आइतबारदेखि प्रदेशको भुक्तानी प्रणाली बन्द गरिसकेको छ । फ्रिज नहुने शीर्षकका रकमको भुक्तानी निकासा भने बन्द गरिएको छैन । ती रकम सरकारको कोष मै रहनेछ । गत आवमा प्रदेश सरकारले ६५.६६ प्रतिशत बजेट खर्च गरेको थियो । सबभन्दा कम बजेट खर्च हुने आव २०७८/७९ नै रहेको छ ।

# कोरोना संक्रमित बढ्दै, १ सय ६८ संक्रमित थपिए

**दैनिक समाचारदाता**
**काठमाडौँ, २७ असार ।**

केही हप्ता अघि संक्रमित दर न्युन रहेकोमा अहिले पुनः कोरोना संक्रमित बढ्दैछन् । सोमबार १ सय ६८ जनामा संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको बुलेटिनका अनुसार तीन हजार २० परीक्षण गर्दा सो संख्यामा संक्रमण देखिएको छ । सक्रिय संक्रमितको संख्या ७ सय ७० रहेको छ । सो अवधिमा ३७ संक्रमणमुक्त भएका छन् ।

यो सँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ७ सय २४ पुगेको छ । शून्य संक्रमित भएका जिल्ला १५ रहेका छन् । काठमाडौँमा २०० बढी सक्रिय संक्रमित छन् । होम आइसोलेशनमा ७ सय ४९, संस्थागत आइसोलेशनमा २१ रहेका छन् । सघन उपचार कक्ष (आइसियु) मा १२ र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं। अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np